
# नेपाल जीवनस्तर सर्वेक्षण-दोस्रो
# २०६०-६१ मा आधारित
# गरिबी विश्लेषणको संक्षिप्त नतिजा





राष्ट्रिय योजना आयोगको सचिवालय

**केन्द्रीय तथ्याङ्क विभाग**

२०६२ वैशाख

## गरिबी विश्लेषणको नतिजाको सारांश

- २०६०-६१ मा करिब ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान छ, जुन २०५२-५३ मा ४२ प्रतिशत रहेको अनुमान थियो ।

- ग्रामीण क्षेत्रमा गरिबीको रेखामुनिको जनसंख्या २०५२-५३ देखि २०६०-६१ को ८ वर्षको अवधिमा ८ प्रतिशत बिन्दु (४३ प्रतिशतबाट ३५ प्रतिशत) ले झरेको र शहरी क्षेत्रमा १२ प्रतिशत बिन्दु (२२ प्रतिशतबाट १० प्रतिशत) ले झरेको अनुमान गरिएको छ ।

- यस अवधिमा गरिबीको विषमता (Poverty Gap) मा पनि सुधार भएको देखिन्छ । गरिबीको रेखामुनिका जनसंख्यामध्ये धेरै रेखानजिक आइपुगेको अनुमान छ ।

- सालाखाला प्रतिव्यक्ति वार्षिक उपभोग खर्च वि.सं. २०५२-५३ मा रु. ७,२३५ रहेकोमा २०६०-६१ मा उक्त उपभोग खर्च रु. १५,२२४ पुगेको अनुमान गरिएको छ । २०५२-५३ को स्थिर मूल्यमा २०६०-६१ को सालाखाला प्रतिव्यक्ति वार्षिक उपभोग खर्च रु. १०,३१८ रहेको अनुमान छ ।

- उपभोगमा वृद्धि हुनुका कारणहरूमा विप्रेषण (Remittance), कृषिक्षेत्रको औसत ज्याला, गैरकृषि व्यवसायका आम्दानी र ज्याला, आर्थिकरूपले सक्रिय जनशक्तिको अनुपात, शहरीकरणमा उल्लेखनीय वृद्धि, आदि प्रमुख हुन् ।

- आठ वर्षपहिले अन्तर्वार्ता गरिएकै घरपरिवारहरू (Panel Households) को स्थिति विश्लेषण गर्दा त्यस्ता परिवारहरूमध्ये गरिबीको रेखामुनि रहेको जनसंख्या त्यस वेला ३९ रहेकोमा सो दर २०६०-६१ मा ३२ प्रतिशतमा झरेको अनुमान छ ।

- दुई सर्वेक्षणबीचको अवधिमा उपभोगजन्य गरिबी दरमा सुधार आए पनि यसको असमानता अर्थात् धनी र गरिबबीचको खाडलमा विस्तार भएको देखिन्छ । असमानता जनाउने सूचक (Gini Coefficient) २०५२-५३ मा ०.३४ रहेकोमा २०६०-६१ मा आएर ०.४१ पुगेको अनुमान छ ।

- दुई सर्वेक्षणबीचको अवधिमा पारिवारिक आम्दानीमा विप्रेषण (Remittance) को अंश ६ प्रतिशतबाट १० प्रतिशतमा वृद्धि भएको देखिन्छ । त्यस बखत विप्रेषण प्राप्त गरेका घरपरिवार करिब २३ प्रतिशत रहेकोमा २०६०-६१ मा यो ३२ प्रतिशत पुगेको छ । स्थिर मूल्यमा प्रतिव्यक्ति विप्रेषण आम्दानी १५६ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

- आठ वर्षको अवधिमा सिमेन्टजडित गारो, ढलान वा जस्तापाताको छानो भएका घरपरिवारमा बस्ने परिवारहरूको संख्या उल्लेखनीयरूपमा बढेको छ । पाइपको खानेपानी उपभोग गर्ने र चर्पीको सुविधा भएका घरपरिवारहरूको प्रतिशत क्रमशः ३३ बाट ४४ र २२ बाट ३९ पुगेको देखिन्छ ।

- आठ वर्षको अवधिमा घरबाट ३० मिनटभित्रको बैङ्किङ सुविधा, मूल बजार, कच्ची मोटरबाटो र पक्की मोटरबाटोमा पुग्ने परिवार संख्या क्रमशः ७, १०, १० र १३ प्रतिशत बिन्दुले वृद्धि भएको छ ।

## १. सर्वेक्षणको परिचय

नेपाल जीवनस्तर सर्वेक्षण, दोस्रो (२०६०-६१) अन्तर्गत सङ्कलित पारिवारिक तथ्याङ्कहरूका आधारमा गरिएको गरिबी विश्लेषणको नतिजा तयार भएको छ । यसअघि गत कार्तिक, २०६१ मा केन्द्रीय तथ्याङ्क विभागले उक्त सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा शैक्षिक, आवास, रोजगार, कृषि, उपभोग, आयका साथै सार्वजनिक सेवाको स्थितिबारे समेत विश्लेषण प्रतिवेदन प्रकाशित गरिसकेको छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०६०-६१ विश्व बैङ्कले विश्वका धेरै मुलुकहरूमा प्रयोग गर्ने गरेको जीवनस्तरमापन सर्वेक्षण (LSMS) कै ढाँचा र विधिअनुसार केन्द्रीय तथ्याङ्क विभागद्वारा सञ्चालन गरिएको नेपालको दोस्रो जीवनस्तर सर्वेक्षण हो । यस सर्वेक्षणलाई विश्व बैङ्क र बेलायत सरकारको अन्तराष्ट्रिय विकास विभागबाट प्राविधिक र आर्थिक सहयोग उपलब्ध भएको थियो । यस्तो पहिलो सर्वेक्षण २०५२-५३ मा गरिएको थियो र त्यस बेला पनि छानिएका घरपरिवारसँग उपयुर्क्त विषयहरूमा सोधिएका प्रश्नहरूको उत्तरका आधारमा तथ्याङ्क प्रशोधन एवं विश्लेषण गरी नतिजा प्रकाशन गरिएको थियो र पछि गरिबी विश्लेषणसमेत गरिएको थियो । त्यसै गरी २०६०-६१ मा पनि विगतको सर्वेक्षणसँग मिल्दो ढाँचा तयार गरी सर्वेक्षण कार्य सम्पन्न गरिएको थियो । नेपाल जीवनस्तर सर्वेक्षण, दोस्रो २०६०-६१ को प्रमुख उद्देश्य नेपाल अधिराज्यभरका घरपरिवारहरूबाट तथ्याङ्क सङ्कलित जनताको जीवनस्तरसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्नु र पहिलो जीवनस्तर सर्वेक्षणपछिका आठ वर्षमा उपभोगजन्य गरिबी र विभिन्न सामाजिक परिसूचकहरूमा आएको परिवर्तनको मापन गर्नु थियो ।

## २. सर्वेक्षणको छनौट विधि

समग्र मुलुकलाई छ भाग (हिमाली क्षेत्र, काठमाडौँ उपत्यका शहरी क्षेत्र, अन्य पहाडी शहरी क्षेत्र, पहाडी ग्रामीण क्षेत्र, शहरी तराई क्षेत्र र ग्रामीण तराई क्षेत्र) मा विभाजन गरी उक्त छ क्षेत्रहरूका ७२ जिल्लाबाट ३२६ वटा प्राथमिक छनौट एकाइ वा गणना क्षेत्र (Primary Sampling Unit, PSU) हरूमा प्रथम चरणअन्तर्गत घरपरिवारमूलीहरूको सूचीकरण गर्ने कार्य सम्पन्न गरिएको थियो । ती छानिएका प्रत्येक प्राथमिक छनौट एकाइहरूबाट दोस्रो चरणअन्तर्गत व्यवस्थित नमूना छनौट विधि (Systematic Sampling) का आधारमा १२ वटा घरपरिवार छनौट गरी मुलुकभरिबाट कूल ३९१२ वटा घरपरिवारसँग निर्धारित ढाँचाका प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । सङ्कलित सूचनाहरूमा मौसमी असर न्युन गर्ने उद्देश्यले वर्षैभरि क्षेत्रीय कार्य सञ्चालन गरिएको थियो । विगतको सर्वेक्षणसँग थप तुलना गर्न प्यानल सर्वेक्षणको रूपमा २०५२-५३ मा छानिएका गणना क्षेत्रहरूमध्येबाट ९५ वटा गणना क्षेत्रका ११६० वटा घरपरिवारहरूमध्ये फेला पारिएका ९६२ वटा परिवारसँग पुनः अन्तर्वार्ता गरिएको थियो ।

## ३. सर्वेक्षणको सन्दर्भ समय

सर्वेक्षणअन्तर्गतको तथ्याङ्क सङ्कलन कार्य २०६०-६१ मा भएको थियो र छानिएका घरपरिवारहरूसँग अन्तर्वार्ता लिँदा पारिवारिक उपभोग, कृषि, विप्रेषण, आदि विषयहरूसँग सम्बन्धित तथ्याङ्कको हकमा भने अन्तर्वार्ता मितिभन्दा १२ महिना अगाडिसम्मका विवरणहरू सङ्कलन गरिएका थिए ।

### ४. गरिबीमापन

गरिबी विश्लेषणका धेरै आधार हुन्छन्, जस्तैः परिवारको आय, परिवारको सामाजिक सूचकहरूको स्थिति, परिवारको उपभोग स्थिति, आदि । नेपाल जीवनस्तर सर्वेक्षण, दोस्रोको आधारमा गरिएको गरिबी विश्लेषण मूलतः पारिवारिक उपभोग खर्चको आधारमा गरिएको विश्लेषण हो । सालाखाला नेपालीका लागि आवश्यक पर्ने क्यालोरीको निर्धारण गरी सोहीअनुसार गरिबीमापन गरिएको छ । उमेरअनुसार बाल, युवा, वृद्ध, महिलाको लागि आवश्यक क्यालोरीको औसत निकाल्दा २०६०-६१ मा सालाखाला प्रतिव्यक्ति प्रतिवर्ष २१४४ किलोक्यालोरी आवश्यक देखिन्छ । उक्त औसत २०५२-५३ मा २१२४ किलोक्यालोरी थियो । विगत ८ वर्षमा परिवारका सदस्यहरूको संख्यामा बालबच्चाको अनुपात घटेको अर्थात् युवाहरूको संख्यामा वृद्धि भएको कारणले आवश्यक औसत क्यालोरीमा थोरै वृद्धि भई २१४४ हुन पुगेको छ ।

तत्कालीन मूल्यका आधारमा नेपालका विभिन्न क्षेत्रअनुसार गरिबीका रेखाहरू दुई समूहमा अर्थात् खाद्य तथा गैरखाद्यअनुसार कायम गरिएका छन् जहाँ गैरखाद्यमा आवास, लत्ताकपडा, स्वास्थ्ययोपचार, शिक्षा, लगायतका खर्च समावेश गरिएको छ । यस किसिमले काठमाडौँ उपत्यका शहरी क्षेत्रको गरिबीको रेखा सबैभन्दा बढी अर्थात् वार्षिक रु. ११,०५७ कायम हुन आएको छ भने पूर्वी तराई क्षेत्रको गरिबीको रेखा सबैभन्दा कम अर्थात् रु. ६०७९ कायम हुन आएको छ ।

**तालिका १ : तत्कालीन मूल्यका आधारमा क्षेत्रअनुसारका गरिबीका रेखाहरू**

रु.

| सर्वेक्षण क्षेत्र | २०५२-५३ | | | २०६०-६१ | | |
|---|---|---|---|---|---|---|
| | खाद्य | गैरखाद्य | जम्मा | खाद्य | गैरखाद्य | जम्मा |
| काठमाडौं उपत्यका शहर | ४,०३२ | २,६४३ | ६,६७६ | ६,७२२ | ४,३३५ | ११,०५७ |
| अन्य शहर | ३,५३९ | १,९१३ | ५,४५२ | ४,९१९ | २९८२ | ७,९०१ |
| ग्रामीण पश्चिमी हिमाल/पहाड | ३,८१३ | १,५९० | ५,४०३ | ५,६१३ | ३,२८८ | ८,९०१ |
| ग्रामीण पूर्वी हिमाल/पहाड | ३,९४६ | १,७८८ | ५,७३४ | ५,३११ | २७५८ | ८,०७० |
| ग्रामीण पश्चिमी तराई | २९४९ | १,२२४ | ४,१७३ | ४,३०८ | ३,११० | ७,४१८ |
| ग्रामीण पूर्वी तराई | ३,११४ | १,५४० | ४,६५५ | ४,३२३ | १,७५६ | ६,०७९ |

### ५. गरिबीको नतिजा विश्लेषण

#### ५.१ गरिबीको स्थिति (Incidence of Poverty)

उपरोक्त विधिअनुसार गरिबीको स्थिति विश्लेषण गर्दा २०६०-६१ मा करिब ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान छ, जुन २०५२-५३ मा ४२ प्रतिशत रहेको अनुमान थियो* । शहरी र ग्रामीण क्षेत्रमा गरिबीको स्थिति तुलना गर्दा शहरी क्षेत्रमा करिब १० प्रतिशत र ग्रामीण क्षेत्रमा ३५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान छ, जुन २०५२-५३ मा शहरी क्षेत्रमा २२ प्रतिशत र ग्रामीण क्षेत्रमा ४३ प्रतिशत रहेको अनुमान थियो । यसरी ग्रामीण क्षेत्रमा गरिबीको रेखामुनिको जनसंख्या उक्त ८ वर्षको अवधिमा ८ प्रतिशत बिन्दु

* यसअघि प्रकाशित अनुमानको विधिमा सुधार गरिएकोले संशोधित अनुमानमा सामान्य परिर्वतन भएको छ । यससम्बन्धी तुलनात्मक आँकडा तालिका ३ मा दिइएको छ ।

(४३ प्रतिशतबाट ३५ प्रतिशत) ले झरेको र शहरी क्षेत्रमा १२ प्रतिशत बिन्दु (२२ प्रतिशतबाट १० प्रतिशत) ले झरेको अनुमान छ ।

यसका साथै उक्त अवधिमा गरिबीको विषमता (Poverty Gap) मा पनि सुधार भएको देखिन्छ । गरिबीको विषमताको सूचकले गरिब मानिएकाहरूमध्ये पनि कति प्रतिशत गरिबहरू गरिबीको रेखा भन्दा कति टाढा छन् भन्ने जनाउँदछ । उक्त सूचक २०५२-५३ मा समग्रमा ११.७५ प्रतिशत थियो भने २०६०-६१ मा ७.५५ प्रतिशत रहेको अनुमान छ । यसको अर्थ गरिबीको रेखामुनिका जनसंख्यामध्ये पनि विगत ८ वर्षमा धेरै गरिबहरू तल्लो अवस्थाबाट रेखानजिक आइपुगेको अनुमान छ । साथै अर्को सूचक गरिबीको गहनता (Squared Poverty Gap) मा पनि सुधार भएको देखिन्छ । गरिबीको गहनताको सूचकले गरिबहरूबीच के-कति असमानता छ भन्ने जनाउँदछ । यी दुई सूचकका आधारमा ग्रामीण क्षेत्रमाभन्दा शहरी क्षेत्रमा गरिबीको स्थितिमा सुधार आएको अनुमान छ ।

**तालिका २ : गरिबीमापन, २०५२-५३ र २०६०-६१ मा**

| क्षेत्र | गरिबीको रेखामुनिको जनसंख्या (Headcount Index) (प्रतिशतमा) | | | गरिबीको विषमता (Poverty Gap Index) (प्रतिशतमा) | | | गरिबीको गहनता (Squared Poverty Gap Index) (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०५२-५३ | २०६०-६१ | परिवर्तन % | २०५२-५३ | २०६०-६१ | परिवर्तन % | २०५२-५३ | २०६०-६१ | परिवर्तन % |
| नेपाल | ४१.७६ | ३०.८५ | –२६ | ११.७५ | ७.५५ | –३६ | ४.६७ | २.७ | –४२ |
| शहरी क्षेत्र | २१.५५ | ९.५५ | –५६ | ६.५४ | २.१८ | –६७ | २.६५ | ०.७१ | –७३ |
| ग्रामीण क्षेत्र | ४३.२७ | ३४.६२ | –२० | १२.१४ | ८.५० | –३० | ४.८३ | ३.०५ | –३७ |

### ५.२ क्षेत्र अनुसारको गरिबीको स्थिति

#### ५.२.१ सर्वेक्षणको अध्ययन क्षेत्र (Survey Stratum) अनुसार गरिबीको स्थिति

सर्वेक्षणको अध्ययन क्षेत्रअनुसार सबैभन्दा कम काठमाडौं उपत्यका शहरी क्षेत्रमा ३.३ प्रतिशत, अन्य शहरी क्षेत्रमा १३ प्रतिशत, ग्रामीण पश्चिमी पहाडमा ३७.४ प्रतिशत, ग्रामीण पूर्वी पहाडमा ४२.९ प्रतिशत, ग्रामीण पश्चिमी तराईमा ३८.१ प्रतिशत, ग्रामीण पूर्वी तराईमा २४.९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अनुमान छ । २०५२-५३ को तुलनामा २०६०-६१ मा गरिबीको स्थितिमा काठमाडौं उपत्यका शहरी क्षेत्रको साथै अन्य शहरी क्षेत्रमा समेत उल्लेखनीय सुधार भएको देखिन्छ । गरिबीको स्थिति काठमाडौं उपत्यका शहरी क्षेत्रमा ४.३ बाट ३.३ प्रतिशतमा र अन्य शहरी क्षेत्रमा ३१.६ प्रतिशतबाट १३ प्रतिशतमा झरेको अनुमान छ । ग्रामीण पश्चिमी पहाडमा ५५.० प्रतिशतबाट ३७.४ प्रतिशतमा, ग्रामीण पश्चिमी तराईमा ४६.१ प्रतिशतबाट ३८.१ प्रतिशतमा र ग्रामीण पूर्वी तराईमा ३७.२ प्रतिशतबाट २४.९ प्रतिशतमा झरेको छ । तर गरिबीको रेखामुनि रहेको जनसंख्या ग्रामीण पूर्वी पहाडमा ३६.१ प्रतिशतबाट ५ प्रतिशत वृद्धि भई ४२.९ प्रतिशत हुन आएको सर्वेक्षणले जनाएको छ ।

## तालिका ३ : क्षेत्रअनुसार गरिबीको स्थिति

| क्षेत्र | पूर्वप्रकाशित गरिबको संख्या (प्रतिशतमा) | गरिबको संख्या (प्रतिशतमा) | | गरिबको फैलावट (प्रतिशतमा) | | जनसंख्याको वितरण (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|---|
| | २०५२-५३ | २०५२-५३ | २०६०-६१ | २०५२-५३ | २०६१-६१ | २०५२-५३ | २०६१-६१ |
| **नेपाल** | ४२ | ४१.८ | ३०.८ | १००.० | १००.० | १००.० | १००.० |
| शहरी क्षेत्र | २३ | २१.६ | ९.६ | ३.६ | ४.७ | ६..९ | १५.० |
| ग्रामीण क्षेत्र | ४४ | ४३.३ | ३४.६ | ९६.४ | ९५.३ | ९३.१ | ८५.० |
| **सर्वेक्षणका क्षेत्रहरू** | | | | | | | |
| काठमाडौं उपत्यका शहरी क्षेत्र | ४ | ४.३ | ३.३ | ०.३ | ०.६ | २.६ | ५.४ |
| अन्य शहरी क्षेत्रहरू | ३४ | ३१.६ | १३.० | ३.३ | ४.१ | ४.४ | ९.७ |
| ग्रामीण पश्चिमी हिमाल/पहाड | ५७ | ५५.० | ३७.४ | ३२.७ | २३.६ | २४.८ | १९.४ |
| ग्रामीण पूर्वी हिमाल/पहाड | ३३ | ३६.१ | ४२.९ | १९.४ | २९.४ | २२.४ | २१.१ |
| ग्रामीण पश्चिमी तराई | ४६ | ४६.१ | ३८.१ | १८.४ | १८.९ | १६.७ | १५.३ |
| ग्रामीण पूर्वी तराई | ३९ | ३७.२ | २४.९ | २५.९ | २३.५ | २९.१ | २९.१ |
| **विकास क्षेत्रहरू** | | | | | | | |
| पूर्वाञ्चल | – | ३८.९ | २९.३ | २१.० | २३.४ | २२.५ | २४.७ |
| मध्यमाञ्चल | – | ३२.५ | २७.१ | २६.९ | ३२.२ | ३४.६ | ३६.६ |
| पश्चिमाञ्चल | – | ३८.६ | २७.१ | १८.७ | १६.७ | २०.३ | १८.९ |
| मध्यपश्चिमाञ्चल | – | ५९.९ | ४४.८ | १८.५ | १७.७ | १२.९ | १२.२ |
| सुदूरपश्चिमाञ्चल | – | ६३.९ | ४१.० | १४.८ | ९.९ | ९.७ | ७.५ |
| **भौगोलिक क्षेत्रहरू** | | | | | | | |
| हिमाल | ५६ | ५७.० | ३२.६ | १०.७ | ७.५ | ७.९ | ७.१ |
| पहाड | ४१ | ४०.७ | ३४.५ | ४१.९ | ४७.१ | ४३.० | ४२.१ |
| तराई | ४२ | ४०.३ | २७.६ | ४७.४ | ४५.४ | ४९.२ | ५०.८ |

**द्रष्टव्यः** यसअघि प्रकाशित अनुमानको विधिमा सुधार गरिएकोले संशोधित अनुमानमा सामान्य परिर्वतन भएको छ । ग्रामीण पश्चिमी पहाडअन्तर्गत पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका हिमाली तथा पहाडी क्षेत्रहरू पर्दछन् । ग्रामीण पश्चिमी तराईअन्तर्गत पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका तराई क्षेत्रहरू पर्दछन् । ग्रामीण पूर्वी पहाडअन्तर्गत मध्यमाञ्चल र पूर्वाञ्चलका हिमाली तथा पहाडी क्षेत्ररू पर्दछन् । ग्रामीण पूर्वी तराईअन्तर्गत मध्यमाञ्चल र पूर्वाञ्चलका तराई क्षेत्रहरू पर्दछन् ।

### ५.२.२ मुलूकको विकास क्षेत्रअनुसारको गरिबीको स्थिति

विकास क्षेत्रअनुसारको गरिबीको स्थितिमा भएको परिवर्तन हेर्दा पूर्वाञ्चल विकास क्षेत्रमा ३८.९ बाट २९.३ प्रतिशतमा, मध्यमाञ्चलमा ३२.५ बाट २७.१ प्रतिशतमा, पश्चिमाञ्चलमा ३८.६ बाट २७.१ प्रतिशतमा, मध्यपश्चिमाञ्चलमा ५९.९ बाट ४४.८ प्रतिशतमा र सुदूरपश्चिमाञ्चलमा ६३.९ बाट ४१.० प्रतिशतमा झरेको पाइएको छ ।

### ५.२.३ गरिबीको फैलावट (Distribution of Poor)

विश्लेषणबाट प्राप्त नतिजाअनुसार, नेपालका कूल गरिबहरूमध्ये २९.४ प्रतिशत गरिब ग्रामीण पूर्वी पहाडमा छन् जहाँ जनसंख्या पनि धेरै छ । ग्रामीण पश्चिमी पहाडमा २३.६ प्रतिशत, ग्रामीण पूर्वी तराईमा २३.५ प्रतिशत, ग्रामीण पश्चिमी तराईमा १८.९ प्रतिशत र शहरी क्षेत्रमा करिब ४.७ प्रतिशत छन् । त्यस्तै कूल गरिबहरूमध्ये हिमाली क्षेत्रमा ७.५ प्रतिशत, पहाडमा ४७.१ प्रतिशत र तराईमा ४५.४ प्रतिशत रहेको अनुमान छ ।

### ५.२.४ प्रतिव्यक्ति उपभोग खर्च

यस सर्वेक्षणअन्तर्गतको गरिबीमापन मूलतः परिवारको उपभोग खर्चको आधारमा गरिएको हो । चालु मूल्यका आधारमा सालाखाला प्रतिव्यक्ति वार्षिक उपभोग खर्च २०६०-६१ मा रु. १५,२२४ रहेको अनुमान गरिएको छ जुन २०५२-५३ मा रु. ७,२३५ थियो । यस अवधिमा भएको मूल्य वृद्धिको असरलाई हटाएर २०५२-५३ कै स्थिर मूल्यमा २०६०-६१ को सालाखाला प्रतिव्यक्ति वार्षिक उपभोग खर्च रु. १०,३१८ रहेको अनुमान छ । यसरी ८ वर्षको अवधिमा प्रतिव्यक्ति सक्कल उपभोग (Real Consumption) मा करिब ४२ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

### ५.२.५ प्यानेल डाटाको अनुमान

यस सर्वेक्षणअन्तर्गत तुलनायोग्य गरिबीमापन गर्ने उद्देश्यले अधिराज्यभरका ३२६ वटा गणना क्षेत्रहरूबाट ३९१२ वटा परिवारहरूका अतिरिक्त २०५२-५३ मा गणना गरिएकै घर परिवारहरूको खोजी गरी विभिन्न भेगका थप ९६२ वटा घरपरिवारसँग २०६०-६१ मा पनि प्यानेल डाटाको रूपमा अन्तर्वार्ता गरिएको थियो । त्यस्ता घर परिवारहरूको गरिबीको स्थिति विश्लेषण गर्दा ती परिवारहरूमध्ये २०५२-५३ मा ३९ प्रतिशत गरिबीको रेखामुनि थिए भने ८ वर्षपश्चात् सो दर ३२ प्रतिशतमा झरेको देखिएको छ । यसरी समग्र स्थितिमा करिब ७ प्रतिशतले गरिबीको रेखामुनि रहेका जनसंख्या अर्थात् गरिबीको दर (Poverty Rate) मा कमी आएको देखिन्छ । तर उक्त ८ वर्षको अवधिमा गरिबीको रेखामाथिका केही रेखामुनि आएको र केही यथास्थान (रेखामाथि वा रेखामुनि) मा रहेका पनि देखिन्छन् । २०५२-५३ र २०६०-६१ दुवै सर्वेक्षणमा अन्तर्वार्ता लिइएका घरपरिवारहरूका गरिबीको रेखामाथि रहेकामध्ये करिब २० प्रतिशत रेखामुनि झरेको अनुमान छ र रेखामुनि रहेकामध्ये करिब ५० प्रतिशत रेखामाथि चढेको अनुमान छ ।

### ५.२.६ उपभोग स्तरमा असमानता

दुई सर्वेक्षण बीचको अवधिमा उपभोग–गरिबीको दरमा सुधार आए पनि उपभोग–असमानता अर्थात् धनी र गरिब बीचको खाडल भने विस्तार भएको देखिन्छ । असमानता जनाउने सूचक (Gini Coefficient) २०५२-५३ मा ०.३४ रहेकोमा २०६०-६१ आएर ०.४१ हुन पुगेको देखिन्छ । यसले गरिबको उपभोग जुन दरमा बढेको छ त्योभन्दा धेरै दरले धनीहरूको उपभोग खर्च बढेको अनुमान छ ।

विगत ८ वर्षको अन्तरालमा स्थिर मूल्य (Real Price) मा उपभोगको आधारमा तल्लो २० प्रतिशत जनसंख्याको प्रतिव्यक्ति उपभोग खर्च २२ प्रतिशतले वृद्धि भएको छ भने माथिल्लो २० प्रतिशत जनसंख्याको उपभोग ६४ प्रतिशतले वृद्धि भएको छ । उपभोगको आधारमा तल्लो २० प्रतिशत जनसंख्याले कूल उपभोगको ७ प्रतिशत अंश मात्र ओगटेको र मथिल्लो २० प्रतिशतले ४९ प्रतिशत अंश ओगटेको देखिएको छ भने उक्त अंश २०५२-५३ मा क्रमशः ८ र ४३ प्रतिशत रहेको थियो ।

### ५.२.७ उपभोगमा वृद्धि हुनुका प्रमुख कारणहरू

मुख्यतया विप्रेषणको उल्लेखनीय वृद्धिले गर्दा परिवारको उपभोगलाई बढाएको देखिन्छ । स्थिर मूल्यमा प्रतिव्यक्ति विप्रेषण आम्दानी १५६ प्रतिशतले वृद्धि भएको देखिन्छ । कृषि उत्पादकत्वमा सुधार एवं श्रम बजारको चापले कृषिक्षेत्रको औसत ज्यालामा वृद्धि हुनु, सार्वजनिक सेवामा घरपरिवारको पहुँचमा वृद्धि हुनुको साथै गैरकृषि व्यवसायको आम्दानी र ज्यालामासमेत वृद्धि भएकोले घरपरिवारको उपभोग मागमा वृद्धि भएको मान्न सकिन्छ । यस समयावधिभित्र शहरीकरण ७ प्रतिशतबाट १५ प्रतिशतमा पुगेको कारणले कम उत्पादकत्व हुने क्षेत्रमा काम गर्ने घरपरिवारहरूले उच्च उत्पादकत्व हुने क्षेत्रमा काम गर्ने अवसरहरू प्राप्त गरेको देखिन्छ । आर्थिकरूपले सकृय जनशक्तिको अनुपात बढ्नु पनि प्रतिव्यक्ति उपभोग वृद्धिको अर्को प्रमुख कारण हुन सक्दछ ।

## ६. पारिवारिक आम्दानी

२०५२-५३ र २०६०-६१ मा सम्पन्न नेपाल जीवनस्तर सर्वेक्षणको अन्तरालमा घरपरिवारको औसत आम्दानीमा ८० प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । सोही समयमा प्रतिव्यक्ति औसत आम्दानी रु.७,६९० बाट बढेर रु.१५,१६२ पुगेको छ । विगत आठ वर्षको अन्तरालमा आम्दानीका स्रोतहरूको संरचनामा केही फरकपन आएको देखिएको छ । सोही अवधिमा कूल आम्दानीमध्ये कृषि क्षेत्रको अंश ६१ प्रतिशतबाट घटेर ४८ प्रतिशत हुन पुगेको छ भने गैरकृषि व्यवसायको अंश २२ प्रतिशतबाट बढेर २८ प्रतिशत र विप्रेषण (Remittance) लगायतका अन्य स्रोतको अंश १६ प्रतिशतबाट वृद्धि भई २५ प्रतिशत हुन पुगेको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ मा कृषि क्षेत्रअन्तर्गत ज्यालामा रोजगारको अंश ५३ प्रतिशत रहेकोमा घटेर २०६०-६१ को सर्वेक्षणमा ३७ प्रतिशत पुगेको छ । तर गैरकृषि क्षेत्रमा ज्यालामा रोजगारको अंश विगत आठ वर्षमा १६ प्रतिशत बिन्दुले वृद्धि भएको छ । त्यसै गरी औसत दैनिक ज्यालामा कृषि क्षेत्रमा ८८ प्रतिशतले र गैरकृषि क्षेत्रमा ८० प्रतिशतले वृद्धि भएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ र २०६०-६१ को सर्वेक्षणको बीचमा गैरकृषि व्यवसाय सञ्चालन गर्ने घरपरिवारको प्रतिशत २४ बाट बढेर २८ पुगेको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ मा गैरकृषि व्यवसायअर्न्तगत व्यापार, उद्योग तथा सेवाको अंश क्रमशः ५२, ३० र १४ प्रतिशत रहेकोमा २०६०-६१ को सर्वेक्षणमा यिनीहरू प्रत्येकको अंश ३० प्रतिशतको हाराहारीमा रहेको छ । घरपरिवारद्वारा सञ्चालित गैरकृषि व्यवसायमध्ये २० प्रतिशत व्यवसाय मात्र औपचारिकरूपमा दर्ता गराइएका छन् जुन पहिलो सर्वेक्षणभन्दा ८ प्रतिशत बिन्दुले बढी छ । प्रति व्यवसाय कूल आम्दानी यो अवधिमा रु.१,०९,०६९ बाट बढेर रु. ३,१५,१७६ पुगेको छ भने खुद आम्दानी रु.२४,७१७ बाट दोब्बरभन्दा बढी भई रु. ५०,०१७ पुगेको छ ।

## ७. विप्रेषण (Remittance)

नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ मा विप्रेषण (Remittance) प्राप्त गर्ने घरपरिवार २३ प्रतिशत रहेकोमा २०६०-६१ को सर्वेक्षणमा उक्त प्रतिशत ३२ पुगेको छ । यस अवधिमा विप्रेषण प्राप्त गर्ने घरपरिवारमध्ये प्रति घरपरिवारले प्राप्त गर्ने औसत विप्रेषण रु. १५,१६० बाट बढेर रु.३४,६९८ पुगेको छ । देशबाहिरबाट प्राप्त हुने विप्रेषणको अंश उक्त समयावधिमा ५५ प्रतिशतबाट बढेर ७६ प्रतिशत पुगेको छ । भारतबाट प्राप्त हुने विप्रेषणको अंश पहिलो सर्वेक्षणमा ३३ प्रतिशत रहेकोमा हालको सर्वेक्षणमा उक्त अंश घटेर २३ प्रतिशत मात्र रहेको छ । यो अन्तरालमा विप्रेषण प्राप्त गर्ने घरपरिवारमध्येबाट कूल आम्दानीमा यसको अंश २७ प्रतिशतबाट बढेर ३५ प्रतिशत पुगेको छ । समग्रमा विप्रेषणबाट प्राप्त रकम पहिलो सर्वेक्षणमा १३ अरब रुपियाँ रहेकोमा यो सर्वेक्षणमा उक्त रकम ४६ अरब रुपियाँ भन्दा बढी भएको देखिन्छ ।

## ८. पारिवारिक उपभोग र पर्याप्तता

उत्तरदाताको उपभोगसम्बन्धी व्यक्तिगत अवधारणा बमोजिम विगत आठ वर्षमा सबै प्रकारका उपभोगमा सुधार भएको देखिन्छ । घरपरिवारको उपभोग "आवश्यकताभन्दा कम थियो" भन्नेहरूलाई 'गरिब' मान्दा २०५२-५३ को सर्वेक्षणको तुलनामा २०६०-६१ को सर्वेक्षणमा त्यस्तो 'वस्तुगत गरिबी' उल्लेखनीयरूपमा घटेको देखिन्छ । यसै अवधिमा खाद्य उपभोग, आवास, लत्ताकपडा, स्वास्थ्योपचार र बालबच्चाको पढाइ "आवश्यकताभन्दा कम थियो" भन्ने घरपरिवारको प्रतिशत क्रमशः ५० बाट ३१, ६४ बाट ४१, ५८ बाट ३६, ६९ बाट २८ र ४५ बाट २१ मा घटेको देखिन्छ । तर कूल आम्दानीसम्बन्धी पर्याप्तताको बारेमा भने उक्त अवधिमा "आवश्यकताभन्दा कम थियो" भन्ने घरपरिवारहरूको प्रतिशत थोरै मात्र घटी ७३ बाट ६७ मा ओर्लेको देखिन्छ ।

## ९. सर्वेक्षणवाट प्राप्त जीवनस्तर सम्वन्धी अन्य सूचनाहरू

### ९.१ आवासीय सेवा सुविधाहरूको उपभोग

यस सर्वेक्षणले ९२ प्रतिशत परिवारहरू आफ्नै घरमा बसेको देखाएको छ जुन २०५२-५३ को सर्वेक्षणको तुलनामा २ प्रतिशत बिन्दुले घट्न गएको देखिन्छ । यो आठ वर्षमा घर भाडामा बस्नेको संख्या २ प्रतिशतबाट बढेर ५ प्रतिशत पुगेको छ । तर सिमन्टजडित गारो, ढलान तथा जस्ता पाताका छानो भएका घरमा बस्ने परिवारहरूको संख्या उल्लेखनीयरूपमा वृद्धि भएको छ । त्यसै गरी यस अवधिभित्र बिजुली पुगेका परिवारको प्रतिशत १४ बाट बढेर ३७ पुगेको छ भने पाइपको खानेपानी उपभोग गर्ने परिवारहरूको प्रतिशत ३३ बाट ४४ पुगेको छ । हाल

चर्पीको सुविधा भएका घरपरिवारको प्रतिशत ३९ रहेको देखिन्छ भने आठ वर्षअघि यसको प्रतिशत २२ मात्र रहेको थियो ।

### ९.२ सार्वजनिक सेवाहरूमा पहुँच

अघिल्लो सर्वेक्षणको तुलनामा यस सर्वेक्षणमा सुविधाहरूको पहुँचमा प्रगति भएको देखिन्छ । यस सर्वेक्षणको नतिजाअनुसार सालाखाला ३० मिनटमा ९१ प्रतिशत घरपरिवारहरू प्राथमिक विद्यालय पुग्न सक्ने देखिन्छ भने आठ वर्षअघिको सर्वेक्षणले यसको प्रतिशत ८८ देखाएको थियो । दुई सर्वेक्षणबीच आठ वर्षको अन्तरालमा ३० मिनटभित्रको पहुँचभित्र मूल बजार र वाणिज्य बैङ्कमा पुग्ने घरपरिवारहरूको प्रतिशत २४ बाट बढेर ३४ र २१ बाट बढेर २८ पुगेको छ । त्यसै गरी सोही अवधिमा ३० मिनटभित्रको पहुँचभित्र कच्ची मोटरबाटो र पक्की मोटरबाटोमा पुग्ने घरपरिवारहरूको प्रतिशत ५८ बाट बढेर ६८ र २४ बाट बढेर ३७ पुगेको छ । यसरी सो अवधिमा ३० मिनटभित्रको पहुँचभित्र वाणिज्य बैङ्क, मूल बजार, कच्ची मोटरबाटो र पक्की मोटरबाटोमा पुग्ने घरपरिवार संख्या क्रमशः ७, १०, १० र १३ प्रतिशत बिन्दुले वृद्धि भएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०६०-६१ मा घरपरिवारले उपभोग गरिरहेको सरकारी सेवासुविधाहरूको अवस्था ‘राम्रो’, ‘ठीकै’ र ‘नराम्रो’ मूल्याङ्कन गर्ने घरपरिवारहरूमध्ये बहुसंख्यक घरपरिवारहरूले सरकारी सेवासुविधा ‘ठीकै’ रहेको बताए । त्यसै गरी स्वास्थ्य, शिक्षा, खानेपानी र टेलीफोन सेवा ‘नराम्रो’ रहेको बताउने घरपरिवारहरूको प्रतिशत क्रमशः २२, १५, २३ र २८ रहेको देखिन्छ ।

### ९.३ शैक्षिक स्थिति

२०५२-५३ को सर्वेक्षणमा कम्तिमा एक पटक विद्यालय गएका १५ वर्ष वा सोभन्दा माथिको जनसंख्या ३४ प्रतिशत रहेकोमा हाल यसको प्रतिशत ४६ पुगेको छ । विगत आठ वर्षको अन्तरालमा प्राथमिक तहको खुद भर्ना अनुपात ५७ बाट बढेर ७२ पुगेको देखिन्छ । त्यसै गरी निम्नमाध्यामिक र माध्यामिक तहमा यसको अनुपात क्रमशः १९ बाट २९ र ९ बाट १५ मा वृद्धि भएको छ ।

### ९.४ खोप, परिवार नियोजन र मातृत्व सेवा

विगत आठ वर्षमा खोपको पूरा मात्रा लगाउने बालबालिकाको प्रतिशतमा उल्लेखनीय वृद्धि भई ३६ बाट ५९ पुगेको छ । सोही समयमा कम्तिमा एकपटक बच्चा जन्माएका १५ देखि ४९ वर्ष समूहका महिलाहरूले जन्म दिएका शिशुहरूको औसत संख्या २.६ बाट घटेर २.४ हुन पुगेको छ । यी दुई सर्वेक्षणको अन्तरालमा परिवार नियोजनका साधनहरूमध्ये कम्तिमा एउटा साधनसम्बन्धी ज्ञान भएका १५ देखि ४९ वर्ष समूहका महिलाहरूको संख्या १७ प्रतिशतले बढेर ७७ प्रतिशत पुगेको छ । यस सर्वेक्षणमा सुत्केरी हुनुअघि र पछि अस्पतालमा जँचाउने महिलाहरूको प्रतिशत क्रमशः ५७ र १३ रहेको देखिन्छ ।

### ९.५ बसाइँसराइ

बसाइँ सर्नेहरूमध्ये ७५ प्रतिशत पारिवारिक कारणले, १२ प्रतिशत सहज जीवनयापनको लागि र ७ प्रतिशत कामको खोजीमा बसाइँ सरेको देखिन्छ । यस सर्वेक्षणमा पारिवारिक र सामाजिक कारणले गर्दा ५० प्रतिशत

महिलाहरू बसाइँसराइ गरेको देखिन्छ जुन पुरुषको बसाइँसराइ (२२ प्रतिशत) को तुलनामा बढी रहेको छ। १५ वर्षमुनिका बालबालिकाहरूमध्ये ५ प्रतिशत बालबालिकाले आफ्नो घर छोड्ने गरेको यस सर्वेक्षणले देखाएको छ।

### ९.६ श्रमशक्ति

नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ मा रोजगारीको प्रतिशत ६७ रहेकोमा २०६०-६१ को सर्वेक्षणमा यसको प्रतिशत वृद्धि भई ७४ पुगेको छ। यो अवधिमा श्रमशक्तिको हिसाबले निष्कृय रहेको जनसंख्या ६ प्रतिशत बिन्दुले झरी २३ प्रतिशत रहेको छ। २०५२-५३ को सर्वेक्षणमा बेरोजगार दर ४.९ प्रतिशत रहेकोमा २०६०-६१ को सर्वेक्षणमा यो दर घटेर ३.८ प्रतिशत पुगेको छ।

### ९.७ पारिवारिक कर्जा

नेपाल जीवनस्तर सर्वेक्षण २०५२-५३ मा कर्जा लिने घरपरिवार ६१ प्रतिशत रहेकोमा २०६०-६१ को सर्वेक्षणमा यसको प्रतिशत वृद्धि भई ६९ पुगेको छ। कर्जा लिने घरपरिवारमध्ये साहुमहाजनबाट कर्जा लिनेको प्रतिशत यो अवधिमा ४० बाट घटेर २६ तथा नातेदारबाट कर्जा लिनेको प्रतिशत ४१ बाट बढेर ५५ पुगेको छ। सोही समयमा व्यवसाय/खेतीपातीका लागि र घरायसी उपभोगको लागि कर्जा लिनेको प्रतिशत क्रमशः २९ बाट २४ र ४९ बाट ४७ मा झरेको छ।